# मनहरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर

प.सं.: २०८०/०८१ (प्रशासन शाखा) बागमती प्रदेश, नेपाल।

च.नं. : ३५

मिति : २०८०/०५/०६

बिषयः निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा ।

श्री मनहरी गाउँपालिका
सबै शाखा/उपशाखा प्रमुखज्यूहरु
वडा कार्यालय/वडा सचिवज्यूहरु
मनहरी, मकवानपुर ।

प्रस्तुत विषयमा मिति २०८० भदौ १ गते शुक्रबार बसेको आ.व. २०८०/०८१ को तेस्रो गाउँ कार्यपालिका बैठकको निर्णय पाना थान ४ (चार) यसैसाथ सम्लग्न छ । सो निर्णयानुसार तहाँ संग सम्बन्धित निर्णयहरु हेरी समयमै आवश्यक कार्यान्वयन गर्नु गराउनु हनु अनुरोध छ ।

.....................................
(मोहनकुमार श्रेष्ठ)
प्रमुख प्रशासकीय अधिकृत

मोहन कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

मोहन कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

२०८० भदौ १ गते बसेको गाउँ कार्यपालिकाको तेस्रो बैठकको छलफलका विषयहरु :

१. विगतको निर्णय समीक्षा सम्बन्धमा।
२. सेवा करारमा पदपूर्ति सम्बन्धमा।
३. मनहरी गाउँपालिका वडा नं. ८ र राक्सिराङ गाउँपालिका वडा नं. ५ जोड्ने झोलुङ्गे पुल निर्माण सम्बन्धमा।
४. विभिन्न योजनाका म्याद थप अनुमोदन सम्बन्धमा।
५. आधारभूत स्वास्थ्य ईकाइ भवन निर्माणको भुक्तानी सम्बन्धमा।
६. न्यायिक सहजकर्ताको निरन्तरता सम्बन्धमा।
७. खेलकुद विकास समितिको पूर्णता सम्बन्धमा।
८. उपभोक्ता समितिबाट सञ्चालन हुने योजनामा उपभोक्ता समितिले व्यहोर्नु पर्ने सहभागिता/जनश्रमदान सम्बन्धमा।
९. विभिन्न व्यक्तिबाट आर्थिक सहायता माग भई आएको सम्बन्धमा।

**निर्णयहरु:**

१. प्रस्ताव नं. १ उपर छलफल गर्दा विगतमा गाउँ कार्यपालिकाबाट भएका अधिकांश निर्णयहरु कार्यान्वयन भईसकेको र केही निर्णय कार्यान्वयनको चरणमा रहेकोमा शिघ्र कार्यान्वयनको लागि सम्बन्धित शाखालाई निर्देशन दिने निर्णय गर्दै समीक्षा गरियो।

२. प्रस्ताव नं. २ उपर छलफल गर्दा मिति २०८०/०४/०१ गते देखि लागु हुने गरि सुरक्षित आप्रवासन कार्यक्रम (सामी) अन्तर्गत रिटर्नी स्वयम् सेवक पदमा कार्यरत विजय खत्रीको र मनहरी गाउँपालिका अन्तर्गत मनहरी अस्पतालमा अ.न.मी पदमा कार्यरत नविना विष्टको राजिनामा स्वीकृत भएको र गाउँपालिकाको कृषि शाखामा जनशक्तिको अभाव भएको कारण सेवा प्रवाहमा प्रत्यक्ष असर परेको हुँदा कृषि प्राविधिक चौथो तहको १ जना, रिटर्नी स्वयम् सेवक १ जना र अ.न.मी पदमा १ जना विज्ञापन गरी पदपूर्ति गर्न गाउँपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

३. प्रस्ताव नं ३ उपर छलफल गर्दा मनहरी गाउँपालिकाको वडा नं. ८ देवकोट र राक्सिराङ गाउँपालिकाको मिलकिनी लगाएतको विभिन्न स्थानमा आवत जावत गर्न घन्टौ लाग्ने र वर्षायाममा नदी तर्न नसकिने र अन्य अवस्थामा पनि असुरक्षित यात्रा गर्नु पर्ने अवस्था विद्यमान रहेको हुँदा मनहरी खोला माथि देवकोट –मिलिकन झोलुङ्गे पुल निर्माणको लागि सस्पेन्सन बृज डिभिजनलाई प्राविधिकबाट भरी पेश भएको predeasibility survey फाराम सहित अनुरोध गर्ने निर्णय गरियो।

४. प्रस्ताव नं. ४ उपर छलफल गर्दा देहायका निर्माण कार्यका ठेक्काहरु निर्माण सामग्रीको उपलब्धतामा कठिनाई, प्रतिनिधि सभा तथा प्रदेश सदस्य निर्वाचन, प्रतिकुल मौसम लगायत विविध कारणले समय सिमा भित्र कार्य सम्पन्न हुन नसकेकोले उक्त योजनाको देहाय बमोजिम म्याद थप गरी तिब्र कार्य समाप्तिका निमित्त निर्देशन दिने निर्णय गरियो।

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

२०८० भदौ १ गते बसेको गाउँ कार्यपालिका बैठकको निर्णयहरु

मोहन कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

| क्र.सं. | योजनाको नाम | निर्माण व्यवसायी | म्याद रहेको अन्तिम मिति | समयावधी माग हुन आएको | थप गरिएको समयावधी |
|---|---|---|---|---|---|
| १. | १५ शैयाको अस्पताल निर्माण | बुद्ध/शिवाको/पुष्पाञ्जली जे.भी. | २०८०।०४।२९ | २०८१।०४।२८ | २०८१।०४।२८ |
| २. | हाँडीखोला पुल | भैरव – नारायणम ज्ञानेश जे.भी. | २०८०।०३।३० | २०८०।०९।२९ | २०८०।०९।२९ |
| ३. | वडा नं. ९ कार्यालय भवन | रत्न कुमारी एण्ड सन्स बिल्डर्स | २०७९।०७।२५ | २०८०।०६।३० | २०८०।०६।३० |

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा गाउँपालिकाको वडा नं. ७ मा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सर्शत अनुदानमा निर्माण हुने गरी गाउँपालिकाको वडा नं. १, २, ४, ५, ८ र ९ मा आधारभुत स्वास्थ्य ईकाईहरुको भवन निर्माणको लागि गाउँपालिकाबाट आह्वान भएको शिलबन्दी बोलपत्रमा छनौट भई निर्माण कार्य गरिरहेको गुरुकुल बिल्डर्स प्रा.लि. सँग सम्झौता भई वडा नं. ४ को भवन बाहेक अन्य वडाका भवन निर्माण सम्पन्न हुने चरणमा रहेको हुँदा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा निकासा माग प्राप्त नहुँदा काम प्रभावित हुने तथ्यलाई मध्यनजर गर्दै मन्त्रालयबाट बजेट निकासा भए पश्चात सोध भर्ना हुने गरी परामर्श खर्च शीर्षकबाट निर्माण व्यवसायीलाई रनिङ बील उपलब्ध गराउने निर्णय गरियो।

६. प्रस्ताव नं ६ माथि छलफल आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट न्यायिक सहजकर्ताको नियुक्ति म्याद थप सेवा शर्तका अन्य विषयमा कार्यविधि तर्जुमाको प्रक्रियामा रहेको र उक्त कार्यविधि निर्माण भई पत्राचार भएपश्चात मात्र कार्यविधिको शर्त बमोजिम न्यायिक सहजकर्ताको नियुक्ति लगायतको प्रक्रिया अगाडि बढाउन परिपत्र भई आएको हुँदा सो कार्यविधि निर्माण भई न्यायिक सहजकर्ता वा सो सरहको पदमा नियुक्ति भएर नआउञ्जेल यस गाउँपालिकामा कार्यरत न्यायिक सहजकर्ता श्री रेखा सापकोटालाई दैनिक ज्यालादारीमा कामकाजमा लगाउने निर्णय गरियो।

७. प्रस्ताव नं. ८ माथि छलफल गर्दा मनहरी गाउँपालिकाको खेलकुद विकास कार्यविधि २०७९ को दफा ४ को (ग) मा व्यवस्था भए बमोजिम तपसिल बमोजिम खेलकुदका फरक फरक विधा तथा वडाबाट पर्ने गरी सम्बन्धित वडाले सिफारिस गरी पठाएको खेलकुद विकास समितिका सदस्यमा तपसिल बमोजिम तोक्ने निर्णय गरियो

दफा ४ को खण्ड ग मा व्यवस्था भए बमोजिम बढिमा नौ जना सदस्य

मनहरी गाउँपालिका वडा नं. १ निवासी श्री शिशु कुमार जिम्बा

मनहरी गाउँपालिका वडा नं. २ निवासी श्री चन्द्र सिं स्याङ्तान

मनहरी गाउँपालिका वडा नं. ३ निवासी श्री अखिल पुडासैनी

मनहरी गाउँपालिका वडा नं. ४ निवासी श्री उज्वल विष्ट



रञ्जन कालाखेती
अध्यक्ष

मनहरी गाउँपालिका वडा नं. ५ निवासी श्री कविन दर्लामी
मनहरी गाउँपालिका वडा नं. ६ निवासी श्री दिपक मुक्तान
मनहरी गाउँपालिका वडा नं. ७ निवासी श्री सुनिल वाईबा
मनहरी गाउँपालिका वडा नं. ८ निवासी श्री विकास पाख्रिन
मनहरी गाउँपालिका वडा नं. ९ निवासी श्री रविन्द्र श्रेष्ठ

मोहन कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा मनहरी गाउँपालिका भित्र उपभोक्ता समितिबाट सञ्चालन हुने योजनामा उपभोक्ता समितिले व्यहोर्नु पर्ने सहभागिता/जनश्रमदान मनहरी गाउँपालिकाको उपभोक्ता समिति व्यवस्थापनबाट सञ्चालन हुने योजना व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८० को दफा ७ को उपदफा ३ बमोजिम जनलागत सहभागितामा सम्बन्धित उपभोक्ता समिति/लाभग्राही/समूह/टोल विकास संस्थाले ४० प्रतिशत व्यहोर्ने र बाँकी जुनसुकै योजनाको हकमा १५ प्रतिशत जनश्रमदान व्यहोर्ने गरी कार्यविधिमा थप गर्ने निर्णय गरियो ।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा गाउँपालिकासँग तपसिल बमोजिमको विभिन्न निकाय/संघ/संस्था तथा व्यक्तिबाट विभिन्न प्रयोजनको लागि आर्थिक सहयोग तथा तत्काल नगरी नहुने योजना माग भई आएकोमा तपसिल बमोजिम शीर्षकबाट रकम उपलब्ध गराउने गरी आर्थिक सहायता/ योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

| क्र. सं. | नामथर/योजना | विवरण | शीर्षक | उपलब्ध गराउने रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | हिरालाल ग्लान मनहरी- ६ | वर्षाका कारण जमिन भासिई घर भत्किएर क्षति भएको | विपद् व्यवस्थापन कोष | २००००। | |
| २. | सिम्पानी खानेपानी तथा सरसफाई उपभोक्ता समिति मनहरी- ८ | सिम्पानी स्थित पिसपार्कलाई नियमित रुपमा खानेपानी उपलब्ध गराए वापत रकम | | बिल बमोजिम | |
| ३. | परिमाया गोले मनहरी- ९ | तिलचन्द्र गोलेको मानसिक रोगको उपचार | आर्थिक सहायता | १,२०,०००। | |
| ४. | रातोमाटे पहिरो निन्त्रण मनहरी- ३ | बाटो खोल्ने क्रममा गएको पहिरो नियन्त्रण | विपद् व्यंवस्थापन कोष | लागत अनुमान बमोजिम | |
| ५. | पालुङ्गे टोल कुलो मर्मत मनहरी- ४ | पालुङ्गे टोल कुलो बर्षात्ले विग्रिएको हुँदा मर्मत | विपद् व्यवस्थापन कोष | लागत अनुमान बमोजिम | |
| ६. | सत्संग भवन मर्मत मनहरी- | सत्संग भवनको जमिन | विपद् व्यवस्थापन | लागत अनुमान बमोजिम | |



मनहरी गाउँपालिका ... कार्यालय

... कालाखेती

मोहन कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| ६. | सत्संग भवन मर्मत मनहरी-२ | सत्संग भवनको जमिन भासिएको हुँदा मर्मत | विपद् व्यवस्थापन कोष | लागत अनुमान बमोजिम | |
| ७. | जानुका गुनी मनहरी- ९ | द्धन्द्ध पिडित शिक्षण सहयोग | गरिबसँग विश्वेशवर शैक्षिक सहायता कार्यक्रम | २०,०००। | |

उपरोक्त प्रस्तावहरु उपर सर्वसम्मत निर्णय गरियो।

रन्जन कालाखेती
अध्यक्ष

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी
गाउँ कार्यपालिकाको तेस्रो बैठक